बुटवल 94.4 mhz एफ.एम

# नव तिलोत्तमा

मोफसलको लोकप्रिय राष्ट्रिय दैनिक

वर्ष १९ | अंक ३२७ | ०८२ असोज २८ गते मंगलबार | (2025 Oct. 14 Tuesday) | पृष्ठ संख्या ४ | मूल्य रु. ४

ग्राहक महानुभावहरुमा अनुरोध

- नियमित पत्रिका नआएमा।
- विज्ञापनहरु दिनु परेमा।
- ग्राहक बन्नु परेमा।
- समयमा पत्रिका प्राप्त न भएमा।

नव तिलोत्तमा

बुटवल-१० कालिकानगर, रुपन्देही

फोन: ०७१-४३८५७४

## कांग्रेसमा विशेष महाधिवेशन विवाद

# महाधिवेशन प्रतिनिधिहरुले हस्ताक्षर बुझाउने तयारी



काठमाण्डौं, असोज २७। नेपाली कांग्रेसको विशेष महाधिवेशन माग गर्दै महाधिवेशन प्रतिनिधिहरूले हस्ताक्षर बुझाउने भएका छन्।

५१ प्रतिशत महाधिवेशन प्रतिनिधिहरूको हस्ताक्षरसहित कारण खुलाएर विशेष महाधिवेशन माग गर्न 'कभर लेटर' पनि तयार भइसकेको छ।

ढिलोमा भोलि मंगलवार बिहानसम्म महाधिवेशन प्रतिनिधिहरूको हस्ताक्षर बुझाउने तयारीमा महाधिवेशन प्रतिनिधिहरुको तयारी छ।

भोलि मंगलबार दिउँसो १ बजे केन्द्रीय कार्यसमिति बैठक बस्दैछ। उक्त बैठकअघि विशेष महाधिवेशन माग गर्ने प्रयोजनका लागि ५१ प्रतिशत महाधिवेशन प्रतिनिधिको हस्ताक्षर बुझाउन लागिएको हो।

नेता प्रतिमा गौतमले ५१ प्रतिशत महाधिवेशन प्रतिनिधिहरूको हस्ताक्षरसहित विशेष महाधिवेशन माग गर्न हस्ताक्षर बुझाउन लागिएको जानकारी दिनुभयो।

महामन्त्री गगन थापा र अर्का महामन्त्री विश्वप्रकाश शर्माले नियमित वा विशेष महाधिवेशन प्रस्ताव राख्दै आउनु भएको छ।

मंसिरभित्रै नियमित महाधिवेशन गर्नुपर्ने कांग्रेसको एउटा पक्षको माग छ। उता सभापति शेरबहादुर देउवा पक्षले मंसिरमा नियमित वा विशेष महाधिवेशनमा जान नसकिने अडान राखिरहेको छ।

सभापति देउवा पक्ष मंसिरभित्रै नियमित महाधिवेशनमा जान नखोजेकोले विशेष महाधिवेशन माग गर्न हस्ताक्षर बुझाउन लागिएको नेताहरूले बताएका छन्। सभापति देउवा पक्ष भने चुनावपछि वैशाखमा मात्रै महाधिवेशन गर्न सकिने पक्षमा छ।

महामन्त्री गगन थापाले अब बस्ने केन्द्रीय समिति बैठकमा यो कार्यसमितिको म्याद थप गर्ने प्रस्ताव नल्याउने बताउनुभयो।

२०७८ मंसिरमा १४ औं महाधिवेशन भएकोले नियमित ४ वर्षे कार्यकाल मंसिरमा सकिँदैछ। त्यसैले मंसिरभित्रै नियमित महाधिवेशनका पक्षमा महामन्त्रीद्वय थापा र शर्मा तथा नेता शेखर कोइराला समूह रहेको छ।

सभापति देउवा पक्ष मंसिरमा नियमित महाधिवेशनपनि (बाँकी ३ पेजमा...)

# राष्ट्रिय सभाको निर्वाचन माघ ११ गते हुने



काठमाडौं, असोज २७। राष्ट्रिय सभाको निर्वाचन माघ ११ गते गर्ने तयारी अगाडि बढेको छ।

राष्ट्रिय सभाका अध्यक्ष नारायणप्रसाद दाहालले गत शुक्रबार निर्वाचन आयोगका आयुक्तहरूसँग छलफल गर्नुभएको थियो। त्यसबेला आयोगका आयुक्तहरूले राष्ट्रिय सभाको निर्वाचन आगामी माघ ११ गते गर्ने तयारी रहेको जानकारी गराएका थिए।

प्रधानमन्त्री सुशीला कार्कीले पनि निर्वाचन आयोगका आयुक्तहरूसँग यही असोज २१ गते छलफल गर्नुभएको थियो।

सिंहदरबारस्थित प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा भएको छलफलमा आयोगका कार्यवाहक प्रमुख निर्वाचन आयुक्त रामप्रसाद भण्डारी र निर्वाचन आयुक्त डा.जानकीदेवी तुलाधर र सगुन शमशेर जबरा उपस्थित हुनुभएको थियो।

यसैबीच आइतबार पनि प्रधानमन्त्री कार्की र राष्ट्रिय सभा अध्यक्ष दाहालबीच नै छलफल भएको हो।

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सिंहदरबारमा भएको भेटमा राष्ट्रिय सभा निर्वाचनको तयारीको विषयमा छलफल भएको थियो। जहाँ अध्यक्ष दाहालले निर्वाचन आयोगका आयुक्तसँगको भेटबारे पनि जानकारी गराउनु भएको थियो।

अध्यक्ष दाहालले भन्नुभयो- दुई दिन अगाडि मैले निर्वाचन आयुक्तलाई बोलाएको थिएँ। कुराकानी, छलफल गरियो। निर्वाचन आयोगले आगामी माघ ११ गते निर्वाचन गर्ने भनेको छ। अब सरकारसँग समन्वय गरेर, तपाईंसँग समन्वय गरेर अघि बढ्ने भन्नेसम्मको कुरा भएको छ।

आगामी फागुन २० गते कार्यकाल सकिएर १९ जना राष्ट्रिय सभा सदस्यहरू बिदा हुने भएका छन। कार्यकाल सकिनुभन्दा ३५ दिन अगावै निर्वाचन गरिसक्नुपर्ने कानुनी व्यवस्था छ। जसका कारण माघ दोस्रो साताभित्र निर्वाचन गरिसक्नुपर्ने बाध्यतामा निर्वाचन आयोग छ।

अध्यक्ष दाहालका अनुसार राष्ट्रिय सभाको निर्वाचन समयमै गर्ने कुरामा प्रधानमन्त्री कार्की सकारात्मक हुनुहुन्छ। दाहालका अनुसार प्रधानमन्त्री कार्कीले निर्वाचनमा जेनजीको सहभागिता गराउने विषयमा चासो राख्नुभएको थियो।

राष्ट्रिय सभा निर्वाचनमा स्थानीय तहका प्रमुख र उपप्रमुख तथा प्रदेश सभा सदस्य मतदाता हुन्छन्। यो व्यवस्थामा जेनजीले मतदान गर्न पाउने भन्ने छैन। अध्यक्ष दाहालले निर्वाचनको मतदाताबारे राजनीतिक दलहरूसँग छलफल गर्न सकिने सुझाव दिनुभएको छ।

अध्यक्ष दाहालले भन्नुभयो- चुनाव गराउने कुरामा प्रधानमन्त्री पोजेटिभ नै (बाँकी ३ पेजमा...)

# साढे ६ हजार कैदीबन्दी अझै फरारको सूचिमा

काठमाण्डौ, असोज २७। गएको भदौ २३ र २४ गतेको आन्दोलनका क्रममा देशका विभिन्न कारागारबाट भागेका साढे ६ हजारभन्दा धेरै कैदीबन्दीको विवरण सार्वजनिक भएको छ।

कारागार व्यवस्थापन विभागले वेबसाइटमार्फत कैदीबन्दीको नामावलीसहितको विस्तृत विवरण सार्वजनिक गरेको हो।

सार्वजनिक सूची अनुसार पाँच हजार आठ सय ६८ जना नेपाली, पाँच सय ४० जना भारतीय र एक सय आठ जना भारतबाहेकका अरू विदेशी कैदीबन्दी फरार रहेका छन्। अहिलेसम्म नौ हजार आठ जना कैदीबन्दी कारागार फिर्ता भएको विभागले जनाएको छ।

विभागका अनुसार फरार कैदीबन्दीहरूको खोजी तथा पक्राउ अभियानलाई अझ नियमित, सशक्त र समन्वयात्मक रूपमा अघि बढाउने निर्णय भएको छ। विभागले फरार कैदीबन्दीहरूलाई लुकाउने, छिपाउने वा आश्रय दिने व्यक्तिलाई समेत कसुरदार ठानी प्रचलित कानुन बमोजिम कारबाही गर्ने चेतावनी दिएको छ।

## बुटवल उद्योग वाणिज्य संघको साधारण सभा

# तोकिएकै मितिमा चुनाव गर्न उद्योगी व्यवसायीको आग्रह



बुटवल, असोज २७। मुलुकमा शान्ति र विकासका लागि राजनीतिक स्थितरतामा जोड दिँदै उद्योगी व्यवसायीहरुले तोकिएकै मितिमा चुनाव हुनुपर्ने र उक्त चुनावमा राजनीतिक दलहरु सहभागि हुनुपर्ने धारणा राखेका छन्।

बुटवल उद्योग वाणिज्य संघ रुपन्देहीको सोमबार सम्पन्न ७२ औं वार्षिक साधारण सभाको उद्घाटन कार्यक्रममा बोल्ने उद्योगी व्यवसायीहरुले सधैभरी भईरहेका आन्दोलन र राजनीतिक अस्थिरताले मुलुकलाई पछाडि धकेल्नुका साथै लगानीको समेत असुरक्षा बढ्दै गएकोमा चिन्ता व्यक्त गरे।

कार्यक्रममा बुटवल उपमहानगरपालिकाका नगरप्रमुख खेलराज पाण्डेयले यस क्षेत्रको आर्थिक तथा सामाजिक विकासमा निजी क्षेत्रले खेलेको भूमिकाको प्रशंसा गर्दै स्थानीय सरकार निजी क्षेत्रसंग हातेमालो गरेर अगाडि बढेको बताउनु भयो। उहाँले यस क्षेत्रको आर्थिक, सामाजिक विकासका लागि निजी क्षेत्रले अंगाडि सारेका योजना कार्यान्वयमा प्रतिवद्ध रेहेको बताउनु भयो।

देशमा पछिल्लो पटक भएको जेन-जी युवा विद्यार्थीको आन्दोलनका विषयहरु सान्दर्भिक रहेको बताउँदै उक्त आन्दोलनको आडमा भएका गतिविधिको विरोध गर्नुभयो। 'आन्दोलन र अपराधलाई छुट्याएर हेरिनुपर्छ।' उहाँले भन्नुभयो-'आन्दोलनका विषयहरु सान्दर्भिक थिए, तर त्यसको आडमा तोडफोड, आगजनी, चोरी, लुटपाट लगाएतका अपराधिक गतिविधि भएका छन्, त्यसमा संलग्नलाई कारवाही गरिनुपर्छ।'

त्यसैगरी उपप्रमुख सावित्रादेवी अर्यालले पनि निजी क्षेत्र आर्थिक विकासको मेरुदण्ड भएको बताउँदै औद्योगिक विकास र आर्थिक गतिविधिलाई चलायमान बनाउने विषयमा निजी क्षेत्रसंग फरक मत नरहेको भनाई राख्नुभयो। उहाँले जेन-जी आन्दोलनमा क्रममा भएका अपराधिक गतिविधिमा संलग्नलाई पहिचान गरि कारवाहीको दायरामा ल्याउनु पर्ने भनाई राख्नुभयो।

नेपाल उद्योग (बाँकी ३ पेजमा...)

# २० बन्धक रिहा हुँदा विपिनको अवस्था अज्ञात



बुटवल, असोज २७। प्यालेस्टिनी विद्रोही समूह हमासले बन्धक बनाएका २० जना इजरायली नागरिकलाई सोमबार हस्तान्तरण गरेको छ।

गाजा शान्ति सहमति र युद्धविरामपछि हमासले आज बन्धकहरू हस्तान्तरण गर्न थालेको हो।

हमासले जीवित रहेका घोषणा गरेका २० मध्ये पहिलो चरणमा ७ जना बन्धक गाजा पट्टीमा रेडक्रसलाई हस्तान्तरण गरेको छ। उनीहरू अपहरणमा परेको ७ सय ३८ दिनपछि मुक्त भएका बीबीसीले जनाएको छ।

दुई वर्षअघि हमासले इजरायलमा आक्रमण गर्दा दुई सय ५१ जनाको अपहरण गरी गाजामा बन्धक बनाएको थियो। उनीहरूमध्ये ४७ जना र अघिल्लो युद्धमा ज्यान गुमाएका एक सैनिकको शवसमेत गरी ४८ जना बन्धक हस्तान्तरण गर्न हमासले सहमति जनाएको छ। ४८ मध्ये २६ जनाको ज्यान गइसकेको हमासले पुष्टि गरेको छ। २० जना जीवित रहेका छन्। बाँकी दुई जनामध्ये एक जना नेपालका विपिन जोशी पनि हुनुहुन्छ। जोशीसहित दुई जनाको नाम मृतक र जीवित दुवैतर्फ समेटिएको छैन।

यसैबीच इजरायली सेनाले नेपालका विपिन जोशी जीवित रहेको प्रमाण फेला नपरेको औपचारिक जानकारी गराएको छ। बीबीसीसँग कुरा गर्दै इजरायलका लागि नेपाली राजदूत धनप्रसाद पण्डितले इजरायली सेनाले विपिन जीवित रहेको प्रमाण नभेटिएको औपचारिक जानकारी गराएको बताउनुभयो।

हमासले बन्धक फिर्ता गरेपछि त्यसको बदलामा इजरायलले दुई सय ५० जना प्यालेस्टिनी बन्दी र हिरासतमा लिइएका एक हजार सात सय जनाभन्दा धेरैलाई रिहा गर्ने बीबीसीले जनाएको छ।

विपीनका परिवारले भने बन्धक बनाइएकाहरु अझैपनि रहेकोले विपिन जोशी छिटै सार्वजनिक हुँदै मुक्त हुने आशा रहेको जनाएको छ।

# कांग्रेस नेताको सम्पत्ति सार्वजनिक गरिनुपर्छः नेविसंघ

काठमाडौँ, असोज २७ । नेपाली कांग्रेसको भ्रातृसंस्था नेपाल विद्यार्थी संघ (नेविसंघ) ले कांग्रेस नेताहरूको सम्पत्ति विवरण पार्टीले प्रत्येक वर्ष सार्वजनिक गर्नुपर्ने नीति अवलम्बन गर्न पार्टीसमक्ष औपचारिक माग गर्ने भएको छ ।

नेविसंघको असोज २५ गते प्रदर्शनी मार्ग स्थित नेपाल ल क्याम्पसमा बसेको केन्द्रीय समितिको आकस्मिक बैठकले चार बुँदाका प्रस्तावमा छलफल गर्दै निर्णय गरेको सोमबार पत्रकार सम्मेलन गरी जानकारी गराएको हो ।सङ्घका अध्यक्ष दुजाङ शेर्पाले पार्टीका इकाई सभापति, क्षेत्रीय सभापति, जिल्ला सभापति, केन्द्रीय सदस्य, पदाधिकारी तथा केन्द्रीय सभापति सम्मका सम्पत्तिको अद्यावधिक विवरण पार्टीले प्रत्येक वर्ष सार्वजनिक गर्नुपर्ने नीति अवलम्बन गर्न नेपाल विद्यार्थी सङ्घले पार्टीसमक्ष औपचारिक माग गर्ने निर्णय गरिएको बताउनुभयो ।

जेनजी आन्दोलनले उठाएको भ्रष्टाचार र बेथितिविरुद्धको आवाजलाई संस्थागत अभियानका रूपमा अघि बढाउने निर्णय पनि नेविसंघले गरेको छ । बैठकले सम्पूर्ण सरकारी, प्रशासनिक, न्यायिक र राजनीतिक निकायहरूमा पारदर्शिता, जवाफदेहिता र सुशासनको सिद्धान्तलाई सुदृढ गर्न विगतका खबरदारी अभियानहरूलाई थप सशक्त ढङ्गले निरन्तरता दिने निर्णय गरेको अध्यक्ष शेर्पाले दिनुभयो ।

## बुटवल...

वाणिज्य महासंघका जिल्ला नगर उपाध्यक्ष सुरकृष्ण वैद्यले देशमा उत्पन्न असहज परिस्थितीका कारण निजी क्षेत्र धर्मराएको बताउँदै निजी क्षेत्रको मनोवल उठाउनेगरी सुरक्षाको वातावरण बन्नुपर्ने भनाई राख्नुभयो । उहाँले सरकारले तोकेकै मितिमा निर्वाचन हुनुपर्ने र उक्त निर्वाचनमा दलहरु सहभागि हुनुपर्ने पनि भनाई राख्नुभयो । त्यसैगरी पुराना दलहरुलाई गाली गर्ने प्रबृत्ति पनि हटाउनु पर्ने भनाई राख्नुभयो ।

उहाँले निजी क्षेत्रले उठान गरेका धेरै कुराहरु सम्बोधन भएको स्मरण गर्दै कोभिड १९ महामारी, आर्थिक मन्दी, जेन-जी आन्दोलन, वर्षाले पऱ्याएको क्षेतीका कारण अझैपनि निजी क्षेत्र उठ्न नसकिरहेको भनाई राख्नुभयो । उद्योगी व्यवसायी यो देशका ठूला अपराधि हुन भनेजसरी हरेक आन्दोलनमा निजी क्षेत्रमाथी तागेट हुने गरेको बताउँदै निजी क्षेत्रमाथी भईरहेको आक्रमणले यहाँ भईरहेको लगानी पलायन हुने हो की भन्ने चिन्ता थपिदिएको बताउनु भयो ।

त्यसैगरी नेपाल उद्योग वाणिज्य महासंघका बस्तुगत उपाध्यक्ष हेमराज ढकालले पनि जेन-जी आन्दोलनका क्रममा औद्योगिक तथा व्यवसायिक प्रतिष्ठानमा भएको तोडफोड, आगजनी तथा चोरी र लुटपाटका घटनाले निजी क्षेत्रको मनोवल गिराएको भनाई राख्नुभयो । नेपाल उद्योग वाणिज्य महासंघका लुम्बिनी प्रदेश अध्यक्ष कृष्णप्रसाद शर्माले अहिले निजी क्षेत्रका लागि प्रतिकुल समय रहेको बताउँदै सुरक्षाको प्रत्याभूति दिलाउन सरकारसंग माग गर्नुभयो । संघका पूर्वअध्यक्ष सुरेन्द्रप्रसाद श्रेष्ठले औद्योगिक विकास आथिर्क चलायमान बढाउनका लागि सोही अनुसारको नीतिगत व्यवस्था सहित उद्योगी व्यवसायीलाई लगानीको सुरक्षा र भरपर्दो शान्ति सुरक्षाको व्यवस्था मिलाउन आग्रह गर्नुभयो ।

कार्यक्रममा स्वागत गर्दै बुटवल उद्योग वाणिज्य संघका अध्यक्ष हरिप्रसाद अर्यालले यस क्षेत्रको आर्थिक तथा सामाजिक विकासका लागि संघले गरेका पहल तथा प्रयासहरुको बारेमा जानकारी गराउनु भएको थियो ।

उहाँले यस क्षेत्रको औद्योगिक विकासका लागि मोतिपुर औद्योगिक क्षेत्र निर्माणमा गति दिईनुपर्ने, व्यवसायिक विकासका लागि व्यवसायमैत्री वातावरण बन्नुपर्ने बताउँदै हेरक आन्दोलनमा व्यवसायिक प्रतिठानहरुमा हुने आक्रमणले निजी क्षेत्रको मनोबल गिराएको बताउँदै राज्यले प्रदान गर्ने सुरक्षा व्यवस्थालाई भरपर्दो बनाउनु पर्ने भनाई राख्नुभयो कार्यक्रममा सिद्धार्थनगर उद्योग वाणिज्य संघका अध्यक्ष नेत्रप्रसाद आचार्य, इलाका प्रशासन कार्यालय बुटवलका प्रमुख रामचन्द्र अर्याल, उद्योग व्यापार संघका अध्यक्ष विष्णुप्रसाद पाण्डे, पश्चिम नेपाल बस व्यवसायी प्रालिका अध्यक्ष दधिराम खरेल, उद्योगी व्यवसायीहरुको तर्फबाट राज पौडेल, संघका वरिष्ठ उपाध्यक्ष टंकप्रसाद गैरे, महासचिव मुक्ति अधिकारी लगायतले आ-आफ्नो धारणा राख्नुभएको थियो ।

## चुनौतीका...

नेताहरू नै हुन्, उनीहरूलाई नजरअन्दाज गरेर राष्ट्रिय समस्याहरूको समाधान हुन पनि सक्दैन । आन्दोलनकारीहरूले यी पुराना दलहरूलाई स्वीकार्ने अवस्था पनि देखिँदैन । पुराना दलहरूलाई आन्दोलनकारीका मागहरूप्रति संवेदनशील बनाउने प्रयासमा राष्ट्रपति र प्रधानमन्त्रीको अथक प्रयास हुनु जरुरी छ । मन्त्रीमण्डलमा जेनजीका प्रतिनिधिहरू अनिवार्यरुपमा राख्नुपर्दछ । सरकारभन्दा बाहिर रहेर रचनात्मक दबाब दिने, सुझाव दिने र आफ्ना मागहरुका पक्षमा सरकारलाई काम कारबाही गराउन अभिप्रेरित गराउने उद्देश्यले आन्दोलनकारी शक्तिहरु सम्मिलित एउटा सशक्त समिति सरकारबाहिर बन्नु जरुरी छ । यिनीहरूको सुझाव र सल्लाहमा सहमति कायम गर्दै सरकार अघि बढ्नुपर्दछ । बंगलादेशमाआन्दोलनकारीशक्तिहरूको प्रतिनिधित्व सरकारमा गराउँदा पनि उल्लेखनीय उपलब्धि हासिल हुन सकेको छैन । प्रधानमन्त्री युनुसले एक वर्षसम्म चुनाव गराउन सकेका छैनन् । सरकारको आलोचना तीव्र हुँदै गएको छ । यसको पुनरावृत्ति नेपालमा हुने सम्भावना प्रबल छ । यो अवस्था आउँदा राष्ट्रलाई सामना गर्न गाह्रो पर्दछ । ठूलो क्षति राष्ट्रले बेहोर्नुपर्ने स्थिति हुन सक्छ । त्यसैले वर्तमान सरकारलाई गल्ती गर्ने छुट निरपेक्षरुपमा देखिँदैन । सबै पक्षहरुलाई समेटेर सत्ता चलाउनु र निर्वाचनसम्पन्नगरेरसत्ताहस्तान्तरण गर्नु यसको सर्वोपरि कर्तव्य हुन आउँछ । तर आन्दोलनकारीहरूका महत्वपूर्ण मागहरू उजागर मात्रै भएर रहेका छन् । यसले महत्व पाउन सकेको छैन । निर्वाचनपश्चात् मात्रै मागहरूको बारेमा चिन्तन हुने अवस्था बनेको छ । यो भनेको मागहरुको बारेमा उधारो आश्वासन मात्र हुनेछ । यसलाई सरकारले कसरी सम्बोधन गर्दै अघि बढ्ने हो ? सोचनीय छ । नागरिक समाजका अगुवाहरुले सरकारलाई सहयोग गर्नुपर्छ । सरकारले पनि उनीहरूको सहयोग लिनु अत्यावश्यक छ । हालसम्म सरकार मन्त्रिपरिषद्लाई पूर्णता दिने सन्दर्भमा मात्र बढी व्यस्त भएको देखिँदै छ । नेतृत्वविहीनजस्तै देखिएको आन्दोलनकारी शक्ति सरकारका लागि सामञ्जस्यता कायम गर्न अत्यन्त कठिन बन्नेछ । आन्दोलनकारीहरूले पनि यो अवस्थालाई मनन गरी सरकारलाई सहयोग गर्नुपर्दछ । तर उनीहरुले उठाएका मागहरूमा भ्रष्टाचार नियन्त्रण, बेथितिमा सुधार, सुशासन कायम र राजनीतिक स्थिरताको सन्दर्भ अत्यन्त उपयुक्त छन् । यसबाट सरकार र आन्दोलनकारीहरु दुवै पछि हट्नुहुँदैन । (नयाँपत्रिका)

## कांग्रेसमा...

गर्न नचाहेपछि विशेष महाधिवेशनका पक्षमा हस्ताक्षर गर्ने महाधिवेशन प्रतिनिधिहरूको संख्या बढ्दै गएको नेताहरूले दाबी गरेका छन् ।

उता नियमित महाधिवेशन माग गर्दै नेपाली कांग्रेस केन्द्रीय कार्यालयमा ध्यानाकर्षण पत्र बुझाइएको छ ।

कांग्रेस नेता रञ्जित कर्ण, नेविसंघ पूर्व महामन्त्री दीपक भट्टराई र सरोज थापा लगायतले मुख्यसचिव कृष्णप्रसाद पौडेललाई भेटेर सोमबार अपराह्न ध्यानाकर्षण पत्र बुझाएका हुन ।

नेता रञ्जित कर्णले नियमित महाधिवेशन माग गर्दै ध्यानाकर्षण पत्र बुझाइएको जानकारी दिनुभयो । विशेष महाधिवेशन माग गर्दै कांग्रेसमा ५१ प्रतिशत महाधिवेशन प्रतिनिधिहरूले हस्ताक्षर गरेका बेला नियमित महाधिवेशनको माग गर्दै ध्यानाकर्षण पत्र बुझाइएको हो ।


## ट्वाईलेट सफा गराउनुहोस्

**के तपाईको घरको सिट,नाली जाम भयो भने चिन्ता नलिनुहोस र सेनेटरी जगतमै बढी क्षमता अत्याधुनिक प्रविधी, पावरफुल रोटर भ्याकुम पम्प, बिजुली नचाहिने एकमात्र सेनेटरीलाई सम्पर्क गर्नु होस ।**

ट्याक्सी रिजर्भकोलागि पनि सम्पर्क गर्नुहोला

**तिनाउ सेनेटरी**

बुटवल–१०, सुख्खानगर

**मोवाईल नं:- ९८५७०५८८१३, ९८०७१८०८१३**

*हामी तपाईको समस्या तुरुन्तै पाँच मिनेटमा हल गरिदिने छौं ।*


# थारू समुदायको ‘बर्का नाच’ सङ्कटमा

दाङ, असोज २७ । थारू ‘बर्का नाच’ सङ्कटमा पुगेको छ । पश्चिम नेपालका थारू समुदायको एक मात्र बर्का नाच आर्थिक अभावले अहिले सङ्कटमा पर्दै गएको हो । विशेष गरेर दाङ, बाँके, बर्दिया, कैलाली र कञ्चनपुरमा नाचिने बर्का नाच अहिले दाङमा मात्रै सिमित छ । त्यो पनि जिल्लाकै एउटै गाउँमा कहिले काहीँ मात्र नाचिने अवस्था आएको छ ।

थारू समुदायमा चाडपर्व अनुसार नाचिने महोत्या, मघौटा, छोक्रा, हुरडुंग्या, झुम्रा, लठ्हवा, लठ्ठी, सख्या, पैया लगायत दर्जनौं परम्परागत तथा मौलिक नाचहरू मध्ये बर्का नाचको सांस्कृतिक र धार्मिक महत्त्व विशिष्ट रहेको पाइन्छ । थारू समुदायको महत्त्वपूर्ण बर्का नाच अहिले पूर्ण रूपमा लोप हुने अवस्थामा पुगेको बर्का नाचका अभियन्ता एवम् घोराही उपमहानगरपालिका-१०, जलौराका चन्द्रप्रसाद चौधरी बताउनुभयो ।

“हाम्रो समुदायमा विविध मौलिक नाचहरू छन्, ती नाचहरू चाडपर्व अनुसार नाचिन्छन्,’’ चौधरीले भन्नुभयो, ‘‘तर तीमध्ये बर्का नाच सङ्कटमा परेको छ ।” उहाँका अनुसार बर्का नाच थारू समुदायको तान्त्रिक संस्कार, धार्मिक विश्वास र सांस्कृतिक पहिचान बोकेको नाच हो । त्यस्तै बर्का नाच महाभारतको कथासँग पनि जोडिएको उहाँले बताउनुभयो । “यसमा थारू समुदायका परम्परागत गीत बर्कीमागर गाइन्छ,’’ उहाँले भन्नुभयो, ‘‘‘बर्किमार’को शाब्दिक अर्थ ‘महाभारत’ हो ।”

उहाँको अनुसार बर्का नाच यो नाच विशेषतः दसैँदेखि सुरु भई फागुन महिनासम्म नाचिन्छ । “यो नाचमा मान्दल बजाउन २२ वटा ख्वाँट अनिवार्य रूपमा बजाइनुपर्छ । अहिले मान्दल बजाउन जान्ने मानिसको अभाव छ, यो नाच नाच्दा कम्तिमा पनि २७ जना महिला पुरुषको सहभागिता आवश्यक हुन्छ ।,’’ उहाँले भन्नुभयो, “युवा पुस्ताले यो मौलिक नाचप्रति चासो नदिँदा बर्का नाच सङ्कटमा परेको छ । मैले गाउँका युवाहरुलाई सिकाउने प्रयास गरेँ, तर उनीहरूले चासो देखाउदैनन् ।”

बर्का नाच सुरुवात गर्नु अगाडि ‘भूह्यारथान’ मा विशेष पूजा गनुपर्ने संस्कार रहेको उहाँले बताउनुभयो । यसमा लागत धेरै लाग्ने हुँदा आर्थिक पक्ष पनि चुनौती बनेको चौधरी भन्नुभयो, ‘‘नाच गर्न पूजापाठ, पोशाक, बाजागाजा लगायतमा धेरै खर्च लाग्ने भएकाले आर्थिक अभावका कारण पनि बर्का नाच लोप हुने अवस्थामा पुगेको छ ।”

थारू समुदायको मौलिक पहिचान बोकेको बर्का नाच संरक्षणका लागि चौधरी व्यक्तिगत रूपमा लागिपरे पनि आर्थिक अभावका कारण कठिनाइ भएको बताउनुहुन्छ । उहाँले यस किसिमको मौलिक सांस्कृतिक सम्पदाको संरक्षणमा राज्यको ध्यान जानु आवश्यक रहेको बताउनुभयो । “स्थानीय कला, संस्कृति, भाषा र साहित्य संरक्षणको जिम्मेवारी राज्यको हो,” चौधरीले भन्नुभयो, “यी सम्पदाहरू राष्ट्रका गहना हुन्, त्यसैले यसको संरक्षण गर्न राज्यले ठोस नीति र कार्यक्रम ल्याउनु आवश्यक छ ।”

थारू समुदायको मौलिक संस्कृति लोप हुने खतरा बढ्दै गइरहेको वर्तमान अवस्थामा बर्का नाचजस्ता परम्परागत नाचहरूको संरक्षण र पुस्तान्तरण राज्य र समाजको साझा जिम्मेवारी हो । यसतर्फ सम्बन्धित निकायले समयमै ध्यान नदिएमा थारू समुदायको सांस्कृतिक सम्पदा सधैंका लागि हराउने खतरा बढ्दै गएको देखिन्छ ।

## राष्ट्रिय...

हुनुभयो तर जेनजीलाई कसरी प्रतिनिधित्व गराउने भन्ने बिषयमा उहाँको चासो छ ।

भोट हाल्ने स्थानीय तहका प्रमुख र उपप्रमुख अनि प्रदेश सभाका सांसदहरू भएकाले थप छलफल राजनीतिक दलहरूसँग कुरा गर्न सकिने सुझाव दिएको दाहालले बताउनुभयो ।

१८ पदका लागि निर्वाचन हुनेछ भने एकजना राष्ट्रपतिबाट मनोनीत सांसद बामदेव गौतमको कार्यकाल सकिँदैछ । राष्ट्रपतिबाट मनोनीत सांसदको कार्यकाल सकिएपछि राष्ट्रपतिले अर्को सदस्य मनोनीत गर्नुपर्ने छ ।

आगामी फागुनमा कार्यकाल सकिएर बिदा हुने सांसदहरूमा एमालेका ८, माओवादी केन्द्रका ७, एकीकृत समाजवादीका १, जनता समाजवादी पार्टी नेपालका १, लोकतान्त्रिक समाजवादी पार्टीका १ र मनोनीत १ सांसद छन् ।आगामी फागुनमा बिदा हुने एमालेका सांसदहरूमा इन्दिरा देवी गौतम, गोपाल भट्टराई, तुलसाकुमारी दाहाल, देवेन्द्र दाहाल, भगवती न्यौपाने, विमला घिमिरे, शारदा देवी भट्ट र सुमित्रा बीसी छन् ।

बिदा हुने माओवादी सांसदहरूको संख्या ७ छ । जसमा गोपीबहादुर सार्की अछामी, गंगाकुमारी बेलवासे, जगप्रसाद शर्मा, तारामान स्वाँर, नारायणकाजी श्रेष्ठ, मायाप्रसाद शर्मा र राधेश्याम पासवान छन् ।

एकीकृत समाजवादीका बेदुराम भुसाल, जनता समाजवादी पार्टी नेपालका मृगेन्द्रकुमार सिंह यादव र लोकतान्त्रिक समाजवादी पार्टीका शेखरकुमार सिंहको कार्यकाल पनि आगामी फागुनमा सकिनेछ ।

**सन्धिखर्क नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
सन्धिखर्क, अर्घाखाँची
लुम्बिनी प्रदेश,नेपाल

## विद्युतीय दरभाउपत्र आव्हान सम्बन्धी सूचना ।

***दोश्रो पटक प्रकाशित मितिः २०८२/०६/२८***

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६२ (क) यस सन्धिखर्क नगरपालिकाको आर्थिक ऐन, २०८२, प्रदेश आर्थिक ऐन, २०८२ को अनुसूची-६ मा उल्लिखित दरमा प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदनले तोकेको परिमाण र क्षेत्रविन्दुहरुबाट जरे खोलाका देहायका बगरघाटहरुबाट निर्धारित मापदण्ड बमोजिम आ.व.२०८२/८३ को लागि नदीजन्य पदार्थ उत्खनन् सङ्कलन र बिक्री गर्ने गरी ठेक्का बन्दोबस्त गर्नुपर्ने भएकोले तपसिल बमोजिमको ठेक्का कबोल गर्न इच्छुक व्यक्ति वा फर्महरूबाट आवश्यक कागजात सङ्लग्न राखी देहायको मिति र समय भित्र विद्युतीय दरभाउपत्र पेस गर्नुहुन सम्बन्धित सबैमा अनुरोध गरिन्छ ।

***तपसिल***

| क्र.स. | ठेक्का नं. | शीर्षकहरु | उत्खनन् परिमाण (घन मीटर/घन फिट) | न्यूनतम रकम (सेवाशुल्क र मु.अ कर बाहेकको रकम रू) | धरौटी रकम कबोल अङ्कको ५% |
|---|---|---|---|---|---|
| १ | ०३/ २०८२/८३ राजस्व | मिल्मिले पुल देखि माथिल्लो क्षेत्र, (सिमलको रुख नजिक) पिपलटारी क्षेत्र, जोगीमारीको फेद क्षेत्र, मिलमिले पुल देखि माथिल्लो क्षेत्र, खनालको बगर क्षेत्र, गाँडापारीको खेत भन्दा तल्लो घुम्ति क्षेत्र, खरी खोला क्षेत्र, (टिकवा पुच्छर) कुडुले क्षेत्र र एक्ले आँप क्षेत्र | ५८४५.६ (घन मीटर) (२०६४०८ घनफिट | १२,३८,४४८। (बाह्र लाख अठत्तिस चारसय अठचालिस) | |

| बैङ्कको विवरणः राष्ट्रिय वाणिज्य बैङ्क, शाखा कार्यालय सन्धिखर्क, अर्घाखाँची | दरभाउपत्र सम्बन्धी विस्तृत विवरण तथा कागजातहरू www.bolpatra.gov.np/egp. बाट तोकीएको दस्तुर तिरी खरिद गर्न सकिनेछ । विवरण प्रस्ट खुलाई तोकीएको समयमा अनलाईन मार्फत दरभाउपत्र दर्ता गरी सक्नु पर्नेछ। विस्तृत जानकारीको लागि यस कार्यालयको राजस्व शाखामा सम्पर्क गर्न सकिनेछ ।(सम्पर्क नं ९८५७०२८९८८) |
|---|---|
| फाराम दस्तुर रू १,०००। (एकहजार) मात्र खाता नम्बर ३०५०१००३०१०१०००२ **SANDHIKHARKA NP.PA. (GA-1-1)-AANTAR** जमानत खाता (धरौटी खाता) ३०५०१००३०३००००००२ | |

१. दरभाउपत्र दर्ता गर्ने अन्तिम मिति २०८२ साल कार्तिक १२ गते अपरान्ह १२:०० बजे भित्र **PPMO's e-GP system. www.bolpatra.gov.np/egp.** मार्फत पेस गरिसक्नु पर्नेछ । पेस भएका दरभाउपत्रहरु सोही दिन दिनको १:०० बजे खोलिने छ ।
२. दरभाउपत्र पेस गर्दा **PPMO's e-GP system. www.bolpatra.gov.np/egp.** मा गई BOQ Download गरी अंक र अक्षारमा स्पष्ट रुपमा भरी दस्खत र फर्मको लागि छाप तथा अन्य आवश्यक कागजातहरु सहित ग्उयिबम गर्नु पर्नेछ ।
३. दरभाउपत्र स्वीकृत गर्ने, नगर्ने, आंशिक स्वीकृत गर्ने वा रद्द गर्ने सबै अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।
४. न्युनतम अङ्क भन्दा घटी कबोल गरेको, म्याद नाघेको, रित नपुगेको वा सर्त राखी पेस गरेको दरभाउपत्र उपर कुनै कारबाही हुनेछैन ।
५. दरभाउपत्रमा उल्लेख भएका सर्तहरु यसै बमोजिम र उल्लेख हुन छुट भएका आवश्यक सर्तहरु सम्झौता पत्रमा समावेश गरिनेछ । अन्य व्यवस्थाहरुको हकमा प्रचलित कानुन बमोजिम हुनेछ ।

*प्रमुख प्रशासकीय अधिकृत*

# रुपन्देहीमा देउसी भैलो राति ९ बजेसम्म




बुटवल, असोज २७ । रुपन्देहीमा तिहारको अवसरमा खेलिने देउसीभैलो राति ९ बजेसम्म मात्र खेल्न पाइने भएको छ ।

जिल्ला सुरक्षा समतिको वैठकले देउसी भैलो राति ९ वजेसम्म मात्र खेल्न पाइने र देउसी भैलोमा सहभागीहरुले मादक पदार्थ सेवन गर्न नपाउने निर्णय गरेको प्रमुख जिल्ला अधिकारी डा.टोकराज पाण्डेले बताउनुभयो ।

देउसी भैलो खेल्ने क्रममा मापसे गरेको पाइए कानून अनुसार कारवाही हुने निर्णय भएको उहाँले जानकारी दिनुभयो ।

जेन जी आन्दोलनपछि उत्पन्न परिस्थिति अनुसार समाजमा शान्ति सुरक्षाको प्रत्याभूति दिन प्रशासनले चाडपर्व लक्षित सुरक्षा योजना बनाई जिल्लाका १६ वटै पालिकामा परिपत्र गरिएको प्रजिअ पाण्डेले जानकारी दिनुभयो ।

प्रजिअ पाण्डेले भदौ २३ र २४ को जेनजी आन्दोलनपछि बदलिएको परिस्थितिमा कानुनको पालना गर्दै प्रशासन, सुरक्षा निकाय, आम नागरिक र नीजि क्षेत्र सबै मिलेर शान्ति सुरक्षा र अमनचयन कायम गनुपर्ने अवस्था रहेको बताउनुभयो । सुरक्षा योजना आइतबारदेखि शुरु भईसकेको छ भने छठको अर्को दिनसम्म लागू हुने छ । सुरक्षा योजना अनुसार १६ वटै पालिकामा सादा पोशाकमा पर्याप्त प्रहरी खटाउने, सुरक्षा निकायले गस्ती बढाउने, छठ घाटहरुको स्थान निर्धारण गरी तारबार र डोरी टांगेर दुर्घटनाबाट सुरक्षित बनाउने निर्णय भएको छ ।

# कबड्डीका लागि ५१२ नेपाली खेलाडीको नाम दर्ता

बुटवल, असोज २७ । नेपाल कबड्डी लिग (एनकेएल) मा खेलाडीको आकर्षण अत्याधिक बढेको छ । सिजन २ को ड्राफ्टका लागि ५ सय १२ जना नेपाली खेलाडी दर्ता भएको एनकेएल आयोजक एस्ट्रोनिक्स म्यानेजमेन्टले विहीबार जनाएको छ ।एस्ट्रोनिक्स म्यानेजमेन्टका प्रमुख अमितकुमार बेगानीले पहिलो सिजनको ड्राफ्टमा २ सय ७८ जना नेपाली खेलाडी एनकेएलमा दर्ता भएको बताउँदै दोस्रो सिजनको लागि खोलिएको आवेदनबाट ५ सय १२ स्वदेशी खेलाडी दर्ता भएको जानकारी दिनुभयो ।

एनकेएल सिजन २ को लागि दर्ता भएका खेलाडीमा बागमती प्रदेशबाट सर्बाधिक १ सय ५५ खेलाडी छन् ।

त्यस्तै सुदूरपश्चिमका १ सय ३, लुम्बिनीका ९८, मधेश प्रदेशका ७०, कोशीका ३५, कर्णालीका २७ र गण्डकीका २४ जना छन् ।

गत वर्ष भएको पहिलो संस्करणमा ६ सहरका ६ टिमले एनकेएलमा प्रतिस्पर्धा गर्न ड्राफ्टमार्फत् ८४ खेलाडी लिएका थिए, जसमा नेपाली खेलाडीको संख्या ६६ थियो । नेपाली कबड्डीको इतिहासमै फ्रेन्चाइज टोलीको ऐतिहासिक प्रतियोगिताको रुपमा एनकेएलको सिजन २०२५ भव्यताका साथ सम्पन्न भएको थियो । प्रेन्चाइजको आधारमा विराटनगर ब्यान्डिट्स, जनकपुर नाइट्स, काठमाडौं माभरिक्स, पोखरा लेकर्स, बुटवलको हिमालयन रेइडर्स र धनगढी वाइल्डक्याट्स गरी ६ सहरका ६ टिमले प्रतिस्पर्धा गरेका थिए ।

राष्ट्रिय खेलकुद परिषदको त्रिपुरेश्वरस्थित कभर्डहलमा आयोजित रोमान्चक फाइनलमा काठमाडौंलाई ४३-४१ ले पराजित गर्दै जनकपुर एनकेएल च्याम्पियन भएको थियो ।

सिजन २ को ड्राफ्ट र प्रतियोगिताको मिति चाँडै सार्वजनिक गर्ने बताइएको छ ।




# भारतबाट फूल आउँदा नेपालका फूल व्यवसायी विस्थापित हुँदै



खजुरा, असोज २७ । नेपाल-भारत सीमावर्ती जिल्ला बाँकेका पुष्प व्यवसायीहरु पछिल्ला केही वर्ष यतादेखि विस्थापित हुने क्रममा रहेका छन् । भारतबाट आउने अवैध प्लाष्टिकजन्य फूलमाला र अन्य फूलका कारण सीमावर्ती जिल्ला बाँकेका पुष्प व्यवसायीहरु क्रमशः विस्थापित हुँदै गएका हुन् ।

केही वर्ष अघिसम्म दर्जनौँको सङ्ख्यामा व्यवसायिक फूलखेतीमा लागेका यहाँका महिला उद्यमीहरु पछिल्ला वर्षदेखि विस्तारै विस्थापित हुँदै गएको फ्लोरीकल्चर एसोसिएसन नेपालकी केन्द्रीय सदस्य तथा नेपालगन्जकी पुष्प व्यवसायी महिला उद्यमी बिन्दु चर्तीमगरले बताउनुभयो ।

सीमापारिबाट आउने अवैध फूलमालाहरु स्थानीय सरकार, प्रहरी प्रशासनले रोक्न नसकेको तथा भारतबाट बिनाचेकजाँच, बिनाभन्सार र बिनाक्वारेन्टाइन अवैधरुपमा नेपाल आउने प्लाष्टिकलगायतका फूलमालाका कारण बाँकेका पुष्प व्यवसायीहरु मर्कामा परेको र विस्थापित हुँदै जान थालेको उहाँले बताउनुभयो ।

"भारतबाट बिनाभन्सार, बिनाक्वारेन्टाइन र बिनाचेकजाँच विभिन्न किसिमका फूलमालाहरु बाँके जिल्लाका सहरमा आउने गर्दछन्, हामीले वर्षभरि दुःख गर्छौं, उत्पादन गर्छौं, हाम्रो मूल्य नै आउँदैन ।" महिला उद्यमी चर्तीमगरले भन्नुभयो, "पारिबाट लुकीचोरी ल्याएका फूलमाला सस्तोमा बिक्री हुने गर्दछ, हामीले मूल्य पनि पाउँदैनौं, भनेजस्तो पनि बिक्री हुँदैन, पछिल्लो समयमा विस्तारै पुष्प व्यवसायीहरु यो पेसाबाट विस्थापित हुँदै जान थाल्नुभएको छ ।"

"गत वर्षसम्म बाँकेमा १७ जना महिला उद्यमीहरुले व्यवसायिक फूलखेती गर्दै आउनुभएको थियो, यो वर्ष अधिकांशले फूलखेती गर्नुभएको छैन्, विगत दुई वर्षदेखि लगातार घाटा भइरहेका कारण यस वर्ष फूलखेती गर्नुभएन ।" उहाँले भन्नुभयो, "सीमापारिबाट आउने फूलजन्य वस्तुलाई रोक्नका लागि सङ्घीय सरकारले नीति निर्माण गर्ने एउटा कुरा भयो तर स्थानीय सरकारले पनि आफ्नो काम त गर्नुपर्‍यो नी, काठमाडौंलगायतका अन्य स्थानीय तहले आफ्नो पालिकाभित्र प्लाष्टिकजन्य फूल र बाह्य फूल बिक्री वितरण गर्न बर्जित गरिरहेका छन् कम्तीमा पनि नेपालगन्जले उपमहानगरले त्यही व्यवस्था परेपनि केही त राहत हुनेथियो ।"

हरेक तिहारका समयमा वागेश्वरी मन्दिर वरिपरि सडकभरि खाट र ठेलासमेत लगाएर भारतीय फूलमाला बिक्री हुँदा पनि स्थानीय सरकारले केही नगरेकोप्रति चर्तीमगरले गुनासो गर्नुभयो । "हरेक तिहारको समयमा वागेश्वरी मन्दिर वरिपरि बिनादर्ताका पसलहरुले सडकनै ढाक्ने गरी खाट र ठेलामा भारतीय फूलमाला बिक्री गरिरहेका हुन्छन, त्रिवेणी मोडदेखि सेतु विक चोकसम्म सडकको बिचमा रहेको ग्रीन बेल्टमा जतातत‌ै भारतीय फूलमालाहरु देख्न सकिन्छ, जसका कारण दुर्घटनाको जोखिमसमेत हुन्छ, मेयरसाबसँग कतिपटक यसबारेमा कुरा राख्यौं, तर सुनुवाइ हुँदैन ।" उहाँले भन्नुभयो ।

कोहलपुर नगरपालिका वडा नम्बर ३ की पुष्प व्यवसायी विष्णु चौधरी पनि लगातारको घाटाका कारण यस वर्ष कम फूल उत्पादन गरेको बताउनुहुन्छ । "बाँकेमा फूलखेती मैले सुरुदेखि नै गरैं, हरेक वर्ष तिहारमा व्यापार राम्रै हुन्थ्यो तर विगत दुई वर्षदेखि लगातार घाटा भयो, भारतबाट आउने फूलका कारण हामीले बिक्री गर्न सकेनौं, उनीहरुले सस्तोमा बिक्री गरेका कारण हामीले प्रतिस्पर्धा गर्न सकेनौं, हाम्रो लगानी नै उठ्न छाड्यो ।" उहाँले भन्नुभयो ।

यस वर्षको तिहारलक्षित फूलखेती कमै मात्रामा गरेको उहाँले बताउनुभयो । "यो वर्षको तिहारका लागि मैले अघिल्ला वर्षमा भन्दा धेरै कम फूलखेती गरेकी छु, स्थानीयले आफूलाई चाहिने फूलहरु आफैँले उत्पादन गर्नुहुन्छ, त्यसमाथि पारिबाट आउने फूलका कारण बिक्री नभएपछि कम उत्पादन गर्नेतर्फ लागैं ।" महिला उद्यमी चौधरीले भन्नुभयो, "तर मङ्सिर र माघ महिनालक्षित फूलखेती भने गर्दै आएकी छु, त्यस सिजनमा पूजाआजा, बिहे तथा सामाजिक कार्यहरु बढी हुने भएका कारण फूलमालाको माग बढी हुन्छ र त्यो सिजनमा तिहारमा जस्तो घाटा पनि व्यहोर्नु पर्दैन ।" अवैधरुपमा आउने भारतीय फूलमालाले गर्दा अब व्यवसायलाई निरन्तरता दिन गाह्रो परेको बताउँछन् पुष्प व्यवसायीहरु । बीउ, मल, कामदारलगायतमा हुने खर्च, पारिबाट आउने फूलमालासँगको प्रतिस्पर्धाका कारण र उताबाट आउने अवैध फूलमालामा रोकावट नभए अब कुनै पनि पुष्प व्यवसायीले यो पेसालाई निरन्तरता दिन नसक्ने उनीहरुको भनाइ छ ।

तिहारका समयमा नेपालगन्जको वागेश्वरी मन्दिरक्षेत्र वरिपरि, धम्बोझी चोक, त्रिभुवन चोक, त्रिवेणी मोड, पुष्पलाल चोक,बिपी चोक, भानुभक्त चोक, कारकाँदो चोक लगायतका मुख्य चोकहरु र बजार क्षेत्रमा भारतबाट आयातित गरिएका फूल तथा मालाको खुलेआम बिक्री हुने गरेको छ । जसका कारण बाँकेका पुष्प व्यवसायीहरु विस्तारै विस्थापित हुँदै गएका हुन् ।

# विदेशमा कमाएको पैसा कापी कलममा खर्च

बुटवल, असोज २७ । नेपालबाट रोजगारीका लागि यूएई गएका रुपन्देहीका युवाहरूले आफूहरुले कमाएर बचत गरेको केही पैसा सामाजिक क्षेत्रमा समेत खर्च गरेका छन् ।

रुपन्देहीको सैनामैना सेवा समाज यूएईले सैनामैना नगरपालिकाका विभिन्न सामुदायिक विद्यालयमा अक्षयकोष स्थापना गरि गरिव तथा विपन्न बालबालिकाको कापी कलममा खर्च गर्ने गरेका छन् ।

यसअघि सैनामैनाका विभिन्न विद्यालयमा अक्षयकोष स्थापना गरिसकेको समाजले हालै सैनामैना नगरपालिका ६ भरतपुरमा रहेको जनकल्याणमाध्यमिकविद्यालयमा एकलाख एक हजार १११ रुपैयाको अक्षयकोष स्थापना गरेको छ ।

समाजले शिक्षाको पहुँचमा सबै बालबालिकाहरूको सुनिश्चितता कायम होस् भन्ने उद्देश्यले शुक्रबार एक कार्यक्रमबीच अक्षयकोष स्थापना गरेको जनाएको छ ।

अक्षयकोषको ब्याजबाट आउने रकमबाट विद्यालयमा अध्ययनरत विपन्न परिवारका विद्यार्थीहरुलाई कापी कलम लगायतका सामाग्री उपलब्ध गराइने भएको हो ।

अक्षयकोष स्थापना कार्यक्रममा सैनामैना नगरपालिका वडा नं ६ का वडाध्यक्ष गोपाल पोखरेलले विदेशमा रहेरपनि आफ्नो गाउँ ठाउँको विकासमा सहयोग गर्दै आएकोमा समाजप्रति आभार प्रकट गर्नुभयो ।

उहाँले सैनामैनाबाट रोजगारीको सिलसिलामा आाफ्नो जन्मथलो छोडेर युएई गएका युवाहरुले विद्यार्थीहरुको सहयोगका लागि अक्षयकोष स्थापना गरेकोमा धन्यवाद दिंदै यसबाट समाज रुपान्तरणमा सहयोग पुग्ने विश्वास ब्यक्त गर्नुभयो ।

कार्यक्रममा सैनामैना सेवा समाज युएईका संस्थापक अध्यक्ष रामप्रसाद पाण्डेले सबै सैनामैनाबासीहरूको साथ र सहयोगले सामाजिक क्षेत्रमा धेरै पहिलेदेखि काम गर्दै आएको बताउनुभयो । उहाँले सैनामैनाबाट रोजगारीका लागि विदेश गएका युवाहरुले एक छाक नखाएर भएपनि सैनामैनाको शैक्षिक क्षेत्रमा सहयोग गर्दै आएको र त्यसबाट विपन्न परिवारका बालबालिकाले थोरै भएपनि राहत पाएको बताउनु भयो

सैनामैना सेवा समाज युएईका अध्यक्ष बिष्णु पन्थीले सैनामैनाका प्रत्येक वडाका एक एकवटा सामुदायिक विद्यालयमा अक्षयकोष स्थापना गर्ने र पछि आवश्यकताको आधारमा सैनामैनाका सामुदायिक विद्यालयहरुमा अक्षयकोष स्थापना गर्दै जाने योजना रहेको बताउनु भएको छ । सैनामैना सेवा समाज युएईले गत वर्ष पनि सैनामैनाका सामुदायिकविद्यालयमाअक्षयकोष स्थापना गरेको थियो ।

# बाँकेमा ४१५ जना नयाँ मतदाता थपिए

बाँके, असोज २७ । बाँके जिल्लामा विशेष मतदाता नामावली सङ्कलन तथा अद्यावधिक कार्य सुरु भएपछि हालसम्मको अवधिमा ४१५ जना नयाँ मतदाता थपिएका छन् ।

जिल्ला निर्वाचन कार्यालय बाँकेका अनुसार असोज महिनाको पहिलो सातादेखि सुरु भएको विशेष नामावली सङ्कलनमा हालसम्म ४१५ जनाले नयाँ दर्ता गराएका हुन् । जिल्ला निर्वाचन अधिकारी टेकबहादुर शाहीका अनुसार दर्ता गराउनेमध्ये अधिकांश युवा पुस्ताका रहेका छन् ।

उहाँले भन्नुभयो-'नामावली सङ्कलन दैनिक रूपमा बढ्दै गएको छ । त्यसमा पनि ३५ वर्ष मुनिका उमेर समूहका व्यक्तिहरूको सहभागिता बढी छ ।'

निर्वाचन कार्यालयले असोज ६ गतेदेखि स्थानीय तहहरूलाई पत्राचार गरी मतदाता नामावली सङ्कलन तथा अद्यावधिक कार्य अघि बढाएको हो । कार्यालयले नागरिकता प्रमाणपत्र, विवाह दर्ता प्रमाणपत्रलगायत आवश्यक कागजातका आधारमा बाहिरी जिल्लाबाट आएका व्यक्तिहरूलाई पनि दर्ता गर्न सकिने व्यवस्था गरेको छ ।

निर्वाचन अधिकारी शाहीका अनुसार हाल बाँके जिल्लामा तीन लाख ३३ हजार नौ सय ३४ मतदाता दर्ता भएका छन् । तीमध्ये एक लाख ६९ हजार आठ सय ७६ पुरुष, एक लाख ६४ हजार ४९ महिला र नौ जना अन्य मतदाता रहेका छन् ।

उहाँका अनुसार यसपटकको प्रक्रिया विगतका सामान्य नामावली सङ्कलनभन्दा फरक ढङ्गले गरिएको छ ।

उहाँले एक साताको अवधिमा ४० जनाको नाम अद्यावधिक तथा त्रुटि सच्चाउने काम भएको र १७ जनाको स्थानान्तरण गरिएको पनि बताउनुभयो । अनलाइनमार्फत पनि नाम दर्ता, अद्यावधिक र त्रुटि सच्याउने कार्य भइरहेको छ ।

बाँके जिल्लाभित्र नेपालगञ्ज उप-महानगरपालिका र कोहलपुर नगरपालिकाबाट सर्वाधिक नागरिकले नाम दर्ता गराएका छन् ।

**मणि मुकुन्द प्रकाशन प्रा. लि.** द्वारा प्रकाशित **नव तिलोत्तमा दैनिक**का लागि अध्यक्षः **जनक कोइराला,** प्रबन्ध सञ्चालक/सम्पादकः **माधव नेपाल,** फोन नं. **विज्ञापनः** ०७१-४३८५७४, **समाचारः** ०७१-४३८५७५ **फ्याक्स नं.** ०७१-४३८५७२ **कार्यालयः** कालिकानगर-१० बुटवल, इमेलः tilottamadainik@gmail.com, मुद्रणः **तिलोत्तमा प्रेस**, बुटवल रुपन्देही